## पृष्ठभूमि

कुनैपनि खरिद कार्यमा के, कति, कहिले, कहाँ, कसरी खरिद गर्ने र सो कार्यकोलागि को जिम्मेवार हुने भन्ने निक्यौंल गर्नुको साथै खरिद गरिने वस्तु, सेवा वा निर्माण कार्यको स्पेसिफिकेशन तयार पार्नुपर्ने हुन्छ। नेपालभर रहेका विभिन्न स्वास्थ्य संस्था, अस्पताल एवं स्थानीय निकायहरुले जनतालाई उचित स्वास्थ्य सेवा प्रदान गर्न नियमित रुपमा विभिन्न औषधि, औषधिजन्य सामग्री तथा उपकरण खरिद गर्नुपर्ने हुन्छ र गरिरहेका छन्। त्यस्ता औषधि तथा उपकरणहरुमा एकरुपता ल्याउन जरुरी छ भने स्वास्थ्य संस्था तथा अस्पतालहरुले प्रदान गर्ने सेवा, बिरामी संख्या वा त्यस्ता संस्थाको प्राविधिक स्तरअनुसार खरिद गरिने वस्तुहरुको प्राविधिक स्पेसिफिकेशन फरक पनि हुन्छ।

कुनैपनि औषधि र उपकरणको प्राविधिक स्पेसिफिकेशनको आधारमा त्यस औषधि र उपकरणको लागत निर्धारण हुने गर्दछ भने यसले कुनैपनि खरिद कार्यको प्रतिस्पर्धात्मक घेरालाई कतिसम्म साँघुरो वा फराकिलो पार्ने भन्ने नियन्त्रण गर्दछ। साथै यसले कुनैपनि प्रस्ताव स्वीकार्य हुने वा नहुने अर्थात् खरिद मागअनुसार हुने वा नहुने आधार तयार पार्छ। तर देशभर रहेका सबै स्वास्थसम्बन्धी खरिद निकायहरुमा आवश्यक प्राविधिक स्पेसिफिकेशन तयार पार्ने प्राविधिक वा विज्ञ उपलब्ध छैन भने हरेक निकायले आ-आफ्नै प्राविधिक स्पेसिफिकेशन तयार पार्दा समय र श्रोत दोहोरो खर्च हुनुका साथै एकै प्रकारका सामग्रीको फरक फरक स्पेसिफिकेशन हुने सम्भावना उच्च रहन्छ।

तसर्थ देशभरका स्वास्थसम्बन्धी खरिद निकायहरुले खरिद गर्ने सामग्रीहरुमा समानस्तर र एकरुपता ल्याउनुका साथै ती निकायहरुलाई खरिद प्रक्रियामा सहयोग पुऱ्याउने हेतुले स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाको पहलमा औषधि तथा स्वास्थ्यसम्बन्धी उपकरणहरुको स्टाण्डर्ड प्राविधिक स्पेसिफिकेशनहरु रहेको Technical Specification Bank (TSB) स्थापना गरिएको छ। उक्त TSB मा क्रमिक रुपमा विभिन्न समूहहरुमा प्राविधिक स्पेसिफिकेशनहरु थप हुने कार्य निरन्तर चलिरहन्छ। यसरी TSB मार्फत आवश्यक कोड सहितको स्पेसिफिकेशन लिई खरिद कार्यमा प्रयोग गर्न सकिन्छ।

## TSB प्रयोग गर्ने विधि

TSB एउटा web-based प्रणाली हो। यसमा रहेका हरेक प्राविधिक स्पेसिफिकेशनहरुलाई छुट्टाछुट्टै कोड प्रदान गरिएका छन्। यदि TSB मा रहेको कुनै स्पेसिफिकेशनमा सामान्य/असामान्य परिवर्तन भएमा उक्त नयाँ स्पेसिफिकेशनलाई एउटा नयाँ कोड प्रदान गरिनेछ र उक्त कोडको स्पेसिफिकेशन स्वीकृत भएको मिति पनि उल्लेख हुनेछ। यस्तो कोड उक्त स्पेसिफिकेशनको समूहअनुसार प्रणालीले नै उत्पन्न गर्नेछ। यसरी परिवर्तन भएको स्पेसिफिकेशन छुट्टै स्पेसिफिकेशनको रुपमा वा पुरानो स्पेसिफिकेशनको प्रतिस्थापनको रुपमा रहने छ। दुवै अवस्थामा कोड भने नयाँ रहने छ र प्रतिस्थापन भएको पुरानो स्पेसिफिकेशन पनि प्रणालीमा रहिरहने छ। तर उक्त स्पेसिफिकेशन प्रचलनमा नल्याउने निर्णय भएमा TSB प्रयोगकर्ताले देख्न तथा प्रयोग गर्न सक्नेछैन।

TSB प्रयोग गर्न आपूर्ति व्यवस्था महाशाखाको वेबसाइट www.dohslmd.gov.np, मा गई Technical Specification Bank मा click गरी आफ्नो User ID मार्फत उक्त प्रणालीमा प्रवेश गर्नुपर्छ। यदि User ID नभएमा Register मा click गरी आवश्यक विवरणहरु भरेर User ID बनाउनुपर्छ। यसरी आवश्यक विवरणहरु भरी Register मा click गरेपछि computer screen को दायाँपट्टि रजिष्ट्रेशन सफल भएको सन्देश देखिन्छ। साथै त्यहाँ प्रदान गरेको email मा एउटा activation link प्राप्त हुन्छ। उक्त link मा click गरी आफ्नो user activate गर्नुपर्छ। आफ्नो user activate भैसकेपछि TSB मा लग इन गर्न सकिन्छ।

## प्रयोगकर्ता (User) लग इन

TSB मा लग इन गरिसकेपछि निम्नानुसार स्पेसिफिकेशनहरु खोजी गर्न सकिनेछ :

१. Select Area (क्षेत्र छनौट) - यसअन्तर्गत हाल Medical Equipment र Pharmaceuticals गरी दुई क्षेत्रहरु छन्। यसमा भविष्यमा थप क्षेत्रहरु पनि थप्ने योजना छ।

२. Categories (समूह) - माथि उल्लेखित कुनै एउटा क्षेत्र छनौट गरिसकेपछि त्यसअन्तर्गत रहेका सामग्रीहरुको समूह छनौट गर्न सकिनेछ र हाल TSB मा Pharmaceuticals अन्तर्गत विश्व स्वास्थ्य संगठनको वर्गीकरणअनुसार विभिन्न अत्यावश्यक औषधिहरुका ४० वटा समूहहरु उपलब्ध छन् भने Medical Equipment अन्तर्गत ४५ वटा समूहहरु उपलब्ध छन्।

३. Items (सामग्रीहरु) - यसअन्तर्गत निश्चित क्षेत्र भित्रको कुनै निश्चित समूहअन्तर्गतका सामग्रीहरुको नाम तथा सोसँग सम्बन्धित प्राविधिक स्पेसिफिकेशन हेर्न सकिन्छ। यसरी खोजी गरिसकेपछि उक्त सामग्रीको निश्चित कोड र स्पेसिफिकेशन स्वीकृत भएको मिति सहितको विवरणको साथमा अन्तिम दायाँतर्फ रहेको Download भन्ने tab मा click गरी आवश्यक स्पेसिफिकेशन हेर्न तथा डाउनलोड गर्न सकिन्छ।

४. माथि उल्लेखित १, २, र ३ बाहेक Type Key To Search मा आवश्यक सामग्रीको कोड वा नाम वा नामांश वा उपयोगसम्बन्धी शब्द/शब्दांश टाइप गरेर पनि आवश्यक स्पेसिफिकेशन खोजी गर्न सकिन्छ।

## पृष्ठपोषण (Feedback)

TSB प्रणालीमा सप्लायर्स लगायत सम्पूर्ण TSB प्रयोगकर्ताहरुले आफ्नो प्रतिक्रिया पृष्ठपोषण गर्न सक्ने छन्। त्यस्ता प्रतिक्रियाहरु प्राविधिक स्पेसिफिकेशनको बारेमा वा TSB प्रणालीको सञ्चालनसम्बन्धी वा अन्य कुनै

समस्या वा सुझाव सम्बन्धमा गर्न सकिनेछ । त्यस्ता प्रतिक्रियाहरु आपूर्ति व्यवस्था महाशाखाले प्राप्त गर्नेछ र आवश्यकताअनुसार ती प्रतिक्रियाहरुको सुनुवाइ हुनेछ ।

## TSB का अन्य विशेषताहरु

पासवर्ड परिवर्तन : यदि आफ्नो पासवर्ड परिवर्तन गर्न परेमा computer screen को माथिल्लो दायाँ कुनामा रहेको user icon मा click गरी Change Password मा गई गर्न सकिनेछ ।

पासवर्ड बिर्सेमा : यदि प्रयोगकर्ताले आफ्नो पासवर्ड बिर्सेमा शुरुको लग इन screen मा गई Forgot Password? मा click गरी आफ्नो email मार्फत पासवर्ड रिसेट गर्ने link प्राप्त गर्न सक्नेछ र उक्त link अनुसार आफ्नो पासवर्ड रिसेट गर्न सकिनेछ ।

लग आउट : आफ्नो User ID बाट TSB प्रयोग गरिसकेपछि लग आउट गर्न बिर्सनु हुन्न । यसको लागि computer screen को माथिल्लो दायाँ कुनामा रहेको user icon मा गई लग आउट गर्नुपर्छ ।

## प्राविधिक स्पेसिफिकेशन सम्बन्धमा

TSB मा रहेका स्पेसिफिकेशनहरु नेपाल सरकारअन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्था, स्थानीय निकाय, निजी तथा गैरसरकारी संस्थाहरुले प्रयोग गर्न सक्नेछन् । सो स्पेसिफिकेशनहरुलाई सोझै खरिद प्रक्रियामा प्रयोग गर्न मिल्नेगरी कोडिङ्ग समेत गरिएको छ । साथै समयानुकूल परिमार्जन भएका तथा नयाँ स्पेसिफिकेशनहरुलाई पनि क्रमैसँग स्वीकृत गराई कोडिङ्ग गरेर मात्र TSB मा राखिने व्यवस्था मिलाइएको छ । उक्त स्पेसिफिकेशन प्रयोग गर्दा खरिद गर्ने निकायले आफ्नो स्तर, प्रदान गर्ने सेवाको आधार, सम्बद्ध वस्तुगत प्राविधिक तथा गुणस्तरीय विशेषता र कामको आधारमा उपयुक्त स्पेसिफिकेशन डाउनलोड गरी खरिद कार्यमा प्रयोग गर्नुपर्ने हुन्छ । यसरी एकै प्रकारका वा एउटै नामका सामग्रीको पनि भिन्नाभिन्नै स्पेसिफिकेशन रहेको हुनाले ती स्पेसिफिकेशनहरुमा भ्रम नहोस् भनी स्पेसिफिकेशनहरुलाई छुट्टाछुट्टै कोडिङ्ग गरिएको छ । सोही कोडका आधारमा उपयुक्त सामग्रीको उपयुक्त स्पेसिफिकेशन छान्नुपर्ने हुन्छ ।

## How to use Technical Specification Bank




**थप जानकारीको लागि**
स्वास्थ्य सेवा विभाग
आपूर्ति व्यवस्था महाशाखा
टेकु, काठमाडौँ
फोन नं: ०१-४२६१७६८

# प्राविधिक विवरण बैंक
# TECHNICAL SPECIFICATION BANK (TSB)

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
आपूर्ति व्यवस्था महाशाखा